# बैंक अफ काठमाण्डू लिमिटेड
# BANK OF KATHMANDU LTD.

We make your life easier

## UNAUDITED FINANCIAL RESULTS (QUARTERLY)

### As at second Quarter (30/09/2067) of the Fiscal Year 2067/2068 (2010/2011)

Rs in '000'

| S. N. | Particulars | This Quarter ending 30/09/2067 (14/01/2011) | Previous Quarter ending 31/06/2067 (17/10/2010) | Corresponding Previous Year Quarter ending 30/09/2066 (14/01/2010) |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities (1.1 to 1.7)** | **23,313,798** | **23,517,898** | **23,173,096** |
| 1.1 | Paid-up Capital | 1,359,481 | 1,359,481 | 1,182,157 |
| 1.2 | Reserves and Surplus | 1,025,829 | 879,217 | 797,146 |
| 1.3 | Debenture and Bond | 200,000 | 200,000 | 200,000 |
| 1.4 | Borrowings | 1,053,400 | 620,852 | 1,600,000 |
| 1.5 | **Deposits (a+b)** | **18,855,332** | **19,565,085** | **18,727,142** |
| | a. Domestic Currency | 17,065,526 | 17,816,398 | 17,318,481 |
| | b. Foreign Currency | 1,789,806 | 1,748,687 | 1,408,661 |
| 1.6 | Income Tax Liabilities | - | - | - |
| 1.7 | Other Liabilities | 819,756 | 893,263 | 666,651 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **23,313,798** | **23,517,898** | **23,173,096** |
| 2.1 | Cash & Bank Balance | 1,648,532 | 2,216,151 | 2,178,151 |
| 2.2 | Money at call and short Notice | 583,374 | 39,057 | 284,418 |
| 2.3 | Investments | 2,882,422 | 3,176,279 | 2,486,458 |
| 2.4 | **Loans & Advances (a+b+c+d+e)** | **17,369,514** | **17,247,200** | **17,494,431** |
| | a. Real Estate Loan | 3,107,759 | 3,260,185 | 3,511,357 |
| | 1. Residential Real Estate Loan | 1,515,721 | 1,503,031 | 1,635,813 |
| | 2. Business Complex & Residential Apartment Construction Loan | 215,928 | 218,475 | 210,172 |
| | 3. Income generating Commercial Complex Loan | 194,444 | 191,288 | 191,297 |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting | 1,181,666 | 1,347,390 | 1,474,075 |
| | b. Margin Type Loan | 161,135 | 186,975 | 197,450 |
| | c. Term Loan | 2,029,881 | 1,937,434 | 1,474,973 |
| | d. Overdraft Loan / TR Loan / WC Loan | 8,613,576 | 8,599,195 | 9,437,349 |
| | e. Others | 3,457,163 | 3,263,411 | 2,873,302 |
| 2.5 | Fixed Assets | 518,668 | 530,125 | 491,704 |
| 2.6 | Non Banking Assets | 3,944 | 3,944 | 4,548 |
| 2.7 | Other Assets | 307,344 | 305,141 | 233,386 |
| **3** | **Profit and Loss Account** | **Upto this Quarter** | **Upto previous Quarter** | **Upto corresponding Previous Year Quarter** |
| 3.1 | Interest income | 1,149,313 | 587,222 | 811,023 |
| 3.2 | Interest Expense | 567,305 | 286,682 | 386,386 |
| | **A. Net Interest Income (3.1-3.2)** | **582,008** | **300,540** | **424,637** |
| 3.3 | Fees Commission and Discount | 83,223 | 39,808 | 85,305 |
| 3.4 | Other Operating Income | 45,080 | 22,387 | 27,975 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | 62,474 | 32,478 | 80,646 |
| | **B. Total Operating Income (A+3.3+3.4+3.5)** | **772,785** | **395,213** | **618,563** |
| 3.6 | Staff Expenses | 96,898 | 51,115 | 81,829 |
| 3.7 | Other Operating Expenses | 143,002 | 72,315 | 128,660 |
| | **C. Operating profit Before Provision (B-3.6-3.7)** | **532,885** | **271,783** | **408,074** |
| 3.8 | Provision for Possible Loss | 67,727 | 25,798 | 35,907 |
| | **D. Operating profit (C-3.8)** | **465,158** | **245,985** | **372,167** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 874 | - | 1,381 |
| 3.10 | Write Back of Provision for Possible Loss | 23,907 | 13,563 | - |
| | **E. Profit From Regular Activities (D+3.9+3.10)** | **489,939** | **259,548** | **373,548** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| | **F. Profit Before Bonus and Taxes (E+3.11)** | **489,939** | **259,548** | **373,548** |
| 3.12 | Provision For Staff Bonus | 44,540 | 23,595 | 33,959 |
| 3.13 | Provision For Tax | 133,620 | 70,786 | 101,877 |
| | **G. Net Profit/Loss (F-3.12 -3.13)** | **311,779** | **165,167** | **237,712** |
| **4** | **Ratios** | **At the end of This Quarter** | **At the end of Previous Quarter** | **At the end of corresponding Previous Year quarter** |
| 4.1 | Capital Fund to RWA | 11.52% | 10.81% | 10.57% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 2.16% | 1.84% | 1.23% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 112.64% | 123.14% | 159.41% |
| 4.4 | Cost of Funds (Local Currency) | 6.34% | 6.33% | 4.38% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 89.54% | 86.94% | 90.93% |
| | **Additional Information** | | | |
| | Average Yield (Local Currency) | 11.51% | 11.64% | 8.61% |
| | Net Interest Spread (Local Currency) | 5.17% | 5.31% | 4.23% |
| | Return on Equity | 27.51% | 30.20% | 23.91% |
| | Return on Assets | 2.66% | 2.80% | 2.15% |

Note: 1. The unaudited financial figure may change if directed by Statutory Auditor/ Supervisory Authorities
2. Figures of previous periods have been regrouped wherever necessary as per NRB Directives.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२ को उपनियम (२) अनुसूची-१४ संग सम्बन्धित त्रैमासिक प्रतिवेदन । (दोस्रो त्रयमास, २०६७/०६८)

(१) वित्तीय विवरणः आर्थिक वर्ष २०६७/०६८ को दोस्रो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण सगै प्रकाशन गरिएको छ र यस बैंकको वेवसाईटः http://www.bok.com.np मा पनि राखिएकोछ भने प्रमुख सुचकाँक तथा वित्तीय जानकारी निम्नानुसार रहेकाछन् :

| | |
|---|---|
| प्रति शेयर आम्दानी (वार्षिकीकरण) | रू. ४५.८७ |
| मूल्य आम्दानी अनुपात (वार्षिकीकरण) | १२.५४% |
| प्रति शेयर नेटवर्थ | रू. १७५.४६ |
| प्रति शेयर कूल सम्पत्ति मूल्य | रू. १,७१४.९० |
| तरलता अनुपात | २०.८४% |
| पूँजीकोष अनुपात | ११.५२% |
| अन्य रियल स्टेट कर्जा | ९.१७% |
| शेयर धितो कर्जा | ०.९३% |

(२) व्यवस्थापकीय विश्लेषण : वर्षको आषाढ महिनातिर तरलतामा केही वृद्धि भई सामान्य रूपमा आइपुग्ने र क्रमशः दशै देखि पुनः तरलता अभावको परिस्थिती शुरूहुने किसिमको अन्तरसम्बन्ध देखिएकोछ । समग्र "क" वर्गको बैंकको उपलब्ध अपरिष्कृत तथ्याँकबाट निक्षेपको गतिविधी अध्ययन गर्दा पनि गत पौष ०६६ बाट चैत्र ०६६ मा निक्षेप ०.१०% ले घटेकोमा चैत्र ०६६ बाट आषाढ ०६७ मा ७.७३% ले वृद्धि भएको थियो भने सो आषाढबाट आश्विन ०६७ मा आउदा पुनः १.८७% ले निक्षेपमा कमि आएको देखिन्छ । यसै गतिविधी अनुरूप यस बैंकको निक्षेप पनि क्रमशः गत आषाढ ०६७ बाट आश्विन ०६७ मा ३.७०% ले र आश्विन ०६७ बाट पौष ०६७ मा ३.६३% ले घट्न गएकोछ । यस समयमा बैंकले महँगो व्याजदरको निक्षेपमा वृद्धि गर्ने वा त्यस्तो निक्षेपबाट कर्जा वृद्धि गर्ने कार्यलाई प्रोत्साहन नगरी भएको सम्पत्ति/दायित्वलाई नै व्यवस्थित गर्ने कार्य गरेको कारण कर्जातर्फ अघिल्लो त्रयमासान्त र यस त्रयमासान्त विचमा नगण्य अन्तर रहेको छ । रियलस्टेट तथा शेयरधितो कर्जा तोकिएको सिमा भित्रै रहेपनि केही घट्न गएको देखिन्छ ।
गत आ.व.को सोही अवधीको (पौष मसान्त) अपरिष्कृत वित्तीय विवरणसंग तुलना गर्दा, खुद व्याज आम्दानीमा ३७ प्रतिशतले, सञ्चालन मुनाफामा (नोक्सानी व्यवस्थापछिको) २५ प्रतिशतले र खुद मुनाफामा ३१ प्रतिशतले वृद्धि हुन गएकोछ, जुन यस आ.व.मा बैंकिङ्क्षेत्रमा भएका घटनाक्रम हेर्दा ठिकै रहेको पाईएको छ ।

(३) कानुनी कारवाही सम्बन्धी विवरणः यस त्रयमासमा बैंकले वा बैंकको विरूद्ध कुनै व्यावसायिक कारोवार सम्बन्धी बैंकको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको वा कुनै संस्थापक वा संचालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको विषयमा यस बैंकलाई सम्बन्धीत अदालतबाट कुनै म्याद वा सूचना प्राप्त नभएको र बैंकले पनि त्यस्तो प्रकृतिको मुद्दा दायर नगरेको ।

(४) बैंकको यस आ.व.को दोस्रो त्रयमासको शेयर कारोवार सम्बन्धी विश्लेषणः दोस्रो बजारमा हुने शेयर कारोवारको मूल्य माग र आपूर्तिको सिद्धान्त तथा देशको समग्र आर्थिक स्थितीमा आधारित हुने भएकाले बैंकको यस सम्बन्धमा कुनै विशेष धारणा रहेको छैन ।

| | |
|---|---|
| अधिकतम् मूल्य | : रू.६४१/- |
| न्यूनतम् मूल्य | : रू.५४५/- |
| अन्तिम मूल्य | : रू.५७५/- |
| कारोवार भएको कूल दिन | : ५६ |
| कारोवार संख्या | : १,७१,८०३ |

(५) समस्या तथा चुनौतीः
वाह्यः
- बैंक तथा वित्तीय संस्थाहरूको स्थापना वा स्तरोन्नति हुने क्रम रहेबाट यी संस्थाहरूबीच उत्पन्न प्रतिस्पर्धाबाट हुनसक्ने संभावित जोखिमहरू ।
- केन्द्रीय बैंकको नीति वा निर्देशन अनुसार व्याजदरमा हुने परिवर्तनले उत्पन्नहुनसक्ने संभावित जोखिमहरू ।
- सरकार वा केन्द्रीय बैंकले बैंकसम्बन्धी नीति(निर्देशनमा परिवर्तन गर्दा सिर्जना हुनसक्ने संभावित जोखिमहरू ।
- राष्ट्रको आर्थिक, मौद्रिक तथा वित्तीय नीति परिवर्तनबाट सिर्जना हुनसक्ने संभावित जोखिमहरू ।
- विदेशीविनिमय कारोबार गर्दा विनिमयदरमा हुने परिवर्तनबाट हुनसक्ने जोखिमहरू ।
- कर्जा तथा लगानीको दायरा साँघुरिएर उत्पन्न हुनसक्ने जोखिमहरू ।
- अन्तर्राष्ट्रिय रूपमा हुने आर्थिक तथा वित्तीयक्षेत्रको शिथिलताबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरू ।
- पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्नसक्ने जोखिमहरू ।
- देशको आर्थिक अवस्थामा आउने उतारचढावबाट पर्नसक्ने जोखिमहरू ।

आन्तरिकः
- बैंकबाट प्रदान गरिने दीर्घकालीन, मध्यकालीन, चालू पूँजी कोषमा आधारित कर्जा तथा प्रतीत-पत्र/जमानत-पत्र जारी गर्ने जस्ता गैरकोषीय सेवाहरू उपलब्ध गराउँदा हुनसक्ने संभावित जोखिमहरू ।
- निक्षेप, कर्जा र लगानी ब्याजदरमा हुने परिवर्तनबाट असर गर्ने जोखिमहरू ।
- समयमा कर्जा असुली नभई उत्पन्न हुने आर्थिक जोखिमहरू ।

रणनीतिः
बैंकको कर्जा तथा सापट र लगानी खराब भई तथा विनिमयदर परिवर्तनबाट हुन सक्ने जोखिमहरूको Cushion का लागि बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन तथा आफ्नै विश्लेषणद्वारा सोही आर्थिकवर्षको नाफाबाट कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी-नोक्सानी वापतको व्यवस्था, सटही घटबढ कोष जस्ता कोषहरूको व्यवस्था गर्ने गरेकोछ । यस बाहेकका वाह्य कारणहरूबाट श्रृजना हुनसक्ने जोखिम व्यवस्थापनका लागि बैंक चनाखो भई सम्भावित हानी-नोक्सानी हुन नदिन वा न्यून:गर्न प्रतिबद्ध रहेको छ ।

(६) संस्थागत सुशासनः बैंकको संस्थागत सुशासनका लागि गरिएका स्थायी व्यवस्थाहरू निम्न रहेकाछन्ः
- ५८.१९% सर्वसाधारण शेयरधनीको शेयर स्वामित्व रहेको यस बैंकमा शेयरधनीहरूको तर्फबाट कूल ७ जना मध्ये ४ जना संचालकहरूले सो समूहको प्रतिनिधित्व गर्ने व्यवस्था रहेकोछ ।
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको सूची मध्येको एक स्वतन्त्र व्यावसायिक सञ्चालक नियुक्तिको व्यवस्था रहेकोछ ।
- बैंकमा तोकिए बमोजिमका संचालक सदस्यहरूको लेखापरीक्षण समिति रहने व्यवस्था रहेकोछ ।
- प्रचलित नियम, कानूनहरूको अनुपालनाका लागि बैंकमा कार्यगत प्रकृया नै सोही ढाँचामा निर्माण गरिएकोछ र यसको अनुगमन अनुपालना विभागका साथै लेखापरीक्षण समितिबाट समेत हुने गरेको छ ।

(७) त्रैमासिक अवधिको मुख्य घटनाः उल्लेख्य घटना नभएको ।

(८) कार्यकारी प्रमुखको उद्घोषणः आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जानेबुझे सम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।